दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १३१ | बुटवल | २०८३ बैशाख २८ गते, सोमबार | नेपाल संवत ११४६ | Monday May 11, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८०१८२७९५०

# तिलोत्तमामा ५८ करोडमा बन्यो मंगलापुर–कान्छीबजार सडक

**विश्व बैंकको आर्थिक सहयोगमा बनेको करिब ७ किलोमिटर लामो यो सडक नगरपालिका स्थापना भएपछिको पहिलो आधुनिक सडक हो।**





**लुम्बिनी संवाददाता**

*बुटवल*

विश्व बैंकको आर्थिक सहयोगमा रुपन्देहीको तिलोत्तमा नगरपालिकामा करिब ७ किलोमिटर दूरीको आधुनिक सडक निर्माण सम्पन्न भएको छ।

नेपाल अर्बन गभर्नेन्स एण्ड इन्फ्रास्टक्चर प्रोजेक्टअन्तर्गत मंगलापुर-बेबरा-कान्छीबजार सडक ५७ करोड ८२ लाख ५६ हजार २८८ रुपैयाँ लागतमा बनेको हो। यो सडक निर्माणबाट तिलोत्तमाको, वडा नं. ७, ९ र १० का नागरिक सबैभन्दा बढी लाभान्वित हुनेछन्।

सडक निर्माणका लागि ५ मार्च २०२१ मा सम्झौता भएको थियो। शहरी विकास तथा भवन निर्माण विभागको प्राविधिक सहयोगमा निर्माण भएको यो सडकलाई तिलोत्तमाको नगर गौरवको आयोजनाका रुपमा महत्वपूर्ण शहरी पूर्वाधार आयोजनाका रूपमा हेरिएको छ।

२०७१ सालमा साविकका ६ गाउँ विकास समिति मिलाएर नगरपालिका स्थापना भएपछि बनेको नगरको यो पहिलो र आधुनिक प्रविधिको सडक हो। संस्थापक नगरप्रमुख बासुदेव घिमिरेको पालामा योजना छनोट र विश्व बैंकसँग सम्झौता तथा निर्माण व्यवसायीसँग पहिलो चरणको कामको ठेक्का भएर निर्माण सुरु भएको सडक २०७९ को निर्वाचनबाट नयाँ नेतृत्व आएपछि कामले तीव्रता पाएको थियो।

नगरपालिकाका अनुसार परियोजनाको मुख्य उद्देश्य शहरी आवागमनलाई सहज बनाउने, सडक सुरक्षामा सुधार ल्याउने, ढल निकास व्यवस्थापन व्यवस्थित गर्ने तथा योजनाबद्ध शहरी विकासलाई प्रवर्द्धन गर्ने रहेको छ।

परियोजनाअन्तर्गत कालोपत्रे सडक, दुवैतर्फ नाली, फुटपाथ, सडक सुरक्षा संकेत,सडक फर्निचर, सडक बत्ती तथा शहरी सौन्दर्यीकरणका काम पनि सम्पन्न भएका नगरपालिकाका योजना शाखा प्रमुख वरिष्ठ इञ्जिनियर प्रदीप वनले बताए ।

पहिलो प्याकेजअन्तर्गत मंगलापुर-बेबरा खण्ड ४० करोड ५२ लाख रुपैयाँमा बनेको हो। दोस्रो प्याकेजअन्तर्गत बेबरा-कान्छीबजार खण्ड १७ करोड २९ लाखमा बनेको हो।

यसअघि ४ मिटर चौडाइ रहेको क्यारिज वे अहिले ७.५ मिटर पुगेको छ भने दुवैतर्फ २.७५ मिटरको फुटपाथ निर्माण गरिएको छ। सडकमा ट्राफिक संकेत, रोड मार्किङ् र ३० किलोमिटर प्रतिघण्टा डिजाइन स्पिडसहित आधुनिक शहरी सडक मापदण्ड लागू गरिएको छ।

**ठेक्का लागतभन्दा कममा सम्पन्न**

पहिलो प्याकेजको निर्माण शर्मा सगुन जेभीले गरेको हो। ८ जुलाई २०२२ मा सम्झौता भएको उक्त प्याकेजको ठेक्का रकम ४६ करोड ५९ लाख रुपैयाँ रहेको थियो, जुन अनुमानित लागतभन्दा २८.८६ प्रतिशत कम हो। निर्माणको अन्तिम लागत करिब ४० करोड ५२ लाख रुपैयाँ छ।

दोस्रो प्याकेज आशिष/आशीर्वाद जेभीले निर्माण गरेको हो। १४ अप्रिल २०२४ मा सम्झौता भएको उक्त प्याकेजको ठेक्का रकम १९ करोड १७ लाख रुपैयाँ रहेको थियो, जुन अनुमानित लागतभन्दा १६.३५ प्रतिशत कम रहेको नगरपालिकाले जनाएको छ। निर्माणको अन्तिम लागत १७ करोड २९ लाख रुपैयाँ छ।

सडकको आइतबार नगरप्रमुख रामकृष्ण खाँण, उप-प्रमुख जगेश्वरदेवी चौधरी तथा विश्व बैंकका कन्ट्री डाइरेक्टर अञ्जना झाले संयुक्तरूपमा उद्घाटन गरेका हुन्।

कार्यक्रममा बोल्दै नगरप्रमुख रामकृष्ण खाँणले तिलोत्तमालाई आधुनिक, व्यवस्थित र विकासोन्मुख नगरका रूपमा स्थापित गर्ने लक्ष्यअनुसार पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको बताए। उनले मंगलापुर-कान्छीबजार सडक खण्ड तिलोत्तमाको समृद्धिको मेरुदण्ड बन्ने विश्वास व्यक्त गर्दै सडक निर्माणपछि यस क्षेत्रको विकासले फड्को मार्ने बताए। उप-प्रमुख जगेश्वर देवी चौधरीले सडक निर्माणपछि यस क्षेत्रको सामाजिक तथा आर्थिक विकासले नयाँ गति लिने बताउँदै व्यवस्थित सडक सञ्जालले शिक्षा, स्वास्थ्य, व्यापार तथा पर्यटन क्षेत्रलाई थप सुदृढ बनाउने उल्लेख गरिन्।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले यस क्षेत्रका आम जनतालाई सहज आवत जावत गर्न मात्रै नभएर व्यवसायिक, कृषि तथा व्यापार बिस्तारसँगै जीवनस्तर उकास्न मद्दत पुग्ने बताए। विश्व बैंकको सहयोग तथा शहरी विकास मन्त्रालयअन्तर्गत शहरी शासकीय तथा पूर्वाधार आयोजना (एन.यु.जी.आई.पी.) मार्फत् निर्माण भएको सडक तिलोत्तमाको पूर्वाधार विकासमा महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ।

कार्यक्रममा बोल्दै निवर्तमान वडा अध्यक्ष दुर्गा पाण्डेले सडक निर्माणसँगै यस क्षेत्रको आर्थिक गतिविधि थप चलायमान बन्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा कार्यपालिका सदस्य सुरेन्द्र श्रीलगायतले बोल्दै यो सडक निर्माणले शहरी विकास, सुरक्षित यातायात र प्रभावकारी नगर सेवा प्रवाहमा टेवा पुग्ने बताए।

## बैशाखभित्रै एसईई नतिजा सार्वजनिक हुने



काठमाडौँ। परीक्षा नियन्त्रण कार्यालयले २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा प्रकाशनको तयारी थालेको छ।

गत चैत १९ देखि २९ गतेसम्म सञ्चालन भएको उक्त परीक्षाका उत्तरपुस्तिका परीक्षा समाप्त हुनासाथ परीक्षण एवं सम्परीक्षण थालेको उक्त कार्यालयले यही बैशाख २९ गतेभित्र परीक्षाफल सार्वजनिक गर्ने राष्ट्रिय परीक्षा बोर्डले बताएको छ।

परीक्षा नियन्त्रक टुकराज अधिकारीका अनुसार हाल ३५ जना कर्मचारी 'टेबुलेसन'मा व्यस्त छन्। बैशाख २९ गतेभित्र परीक्षाफल प्रकाशन गर्ने लक्ष्य छ।

'माध्यमिक शिक्षा परीक्षा (एसईई) व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका, २०८२' मा परीक्षा सम्पन्न भएको बढीमा तीन दिनभित्र उत्तरपुस्तिका परीक्षण गरिसक्नुपर्ने व्यवस्था छ।

गत वर्ष नियमित र स्तरवृद्धितर्फ गरी पाँच लाख १२ हजार ४२१ विद्यार्थी परीक्षामा सहभागी भएका थिए।

## सांसदहरूलाई गुटबन्दीमा नलाग्न रविको निर्देशन



बुटवल। रास्वपाका सभापति रवि लामिछानेले अदालतको आदेशपछि पनि सुकुम्वासी बस्तीमा डोजर चल्नु गलत भएको बताएका छन्।

रास्वपाका सांसदलाई प्रशिक्षण पछि पत्रकारसँग कुरा गर्दै पत्रकारले सभापति रवि लामिछानेलाई अदालतको आदेशपछि पनि डोजर किन चलाउनु भएको ? भनि प्रश्न गरेका थिए। लामिछानेले अदालतको आदेश मान्नुपर्ने बताउँदै भने-'त्यो मान्नुपर्दछ। हरेकले मान्नुपर्दछ।'

अहिले पनि डोजर चलिरहेको बारे पत्रकारले सोधेपछि उनले भने-'त्यो गलत भयो, गलत भयो।' सर्वोच्च अदालतले सुकुम्वासी बस्तीमा डोजर नचलाउन सरकारलाई शुक्रबार आदेश दिएको थियो।

सुकुम्वासी बस्तीमा डोजर चलाउँदा दुई जनाले आत्महत्या गरेको, तर रास्वपा सभापतिले संवेदना नराखेको भन्दै पत्रकारले थप प्रश्न गरेका थिए। जवाफमा लामिछानेले भने-'म के भनिरहेको छु भने कोही पनि घरबारविहीन हुनुपर्दैन।

प्रक्रियामा योभन्दा राम्रो हुन सक्थ्यो होला यो पनि मैले भनिसकेको छु। अन्तत गर्दा यसलाई समाधान त गर्नु पर्ला नि। अन्तिममा गन्तव्यमा पुग्दा कसैले पनि मलाई अन्याय परेछ भने भन्नु।'

सुकुम्वासी समस्या समाधान गर्न सरकारले नीति बनाएको र त्यही अनुसार अघि बढेको लामिछानेले जानकारी गराए। लामिछानेले पार्टी सांसदहरूलाई गुटबन्दीमा नलाग्न निर्देशन दिएका छन्।

आइतबार पार्टी सांसदहरूका लागि ललितपुरमा आयोजना गरिएको दुईदिने प्रशिक्षण कार्यक्रमको समापन सभालाई सम्बोधन गर्दै सभापति लामिछानेले यस्तो निर्देशन दिएका हुन्।

उनले-'रविको मान्छे र बालेनको मान्छे हो भन्दै हल्ला गर्ने' गरेको भन्दै पार्टीभित्र त्यस्तो कुनै गुटबन्दी नगर्न निर्देशन दिए।

'म त यताको हो नि, म त उताको हो नि भनेको कारण मन्त्री नभएका साथीहरू पनि हुनुहुन्छ।

हामी यत्तिकै एउटा कार्यकालको लागि मिलौं न त भनेर होइन, यो देशमा इतिहास सम्झिएर, भविष्यको सपना बुनेर यो सहयात्रामा हिंडेका साथीहरू हौं,' सभापति लामिछानेले भने-'हामी व्यक्तिगत कुरालाई माग मुद्दा बनाएर हिंडेका छैनौं। त्यसकारण यो सब बन्द गर्नुपर्छ। यसको कुनै गुन्जाइस नै छैन। सम्भावना नै छैन।'

७० वर्षअघि राजनीतिक रुपमा मिल्नुपर्ने व्यक्तिहरू नमिलेकै कारण नेपाल ७० वर्ष पछाडि धकेलिएको टिप्पणी उनको थियो। प्रधानमन्त्री शाह र आफूबीच कुनै व्यक्तिगत मुद्दाका लागि एकता नभएको पनि उनको स्पष्टोक्ति थियो।

उनले आफूहरूलाई फुटेको हेर्ने चाहना राख्ने सञ्चारमाध्यमहरूप्रति असन्तुष्टि व्यक्त गर्दै आफूहरू राजनीतिक रुपमा परिपक्व भएको बताए।

'७० वर्ष अगाडि यो देशमा मिल्नुपर्ने मान्छेहरू बिच झगडा परेको कारणले हामी ७० वर्ष पछाडि परेका छौं। त्यसकारण यो सम्भव छैन,' उनले भने-'कहिलेकाहीं मिडियाका साथीहरूले फुटाउने रहर लागेर अनेक हेडलाइन दिन्छन्। बडो मुख मिठ्याउनुहुन्छ। आई एम सरी, बास्ना त आउला, तर खाना सर्भिस हुनेवाला छैन। वी आर पोलिटिकल्ली म्याचुअर।'

## खपतभन्दा बढी भए मात्र विद्युत् बेच्नू : सर्वोच्च




बुटवल। सर्वोच्च अदालतले अन्तरदेशीय विद्युत् व्यापार गर्दा स्वदेशमा हुने खपतको कटौती नगर्नू भनी सरकारलाई आदेश दिएको छ।

नेपाल र भारतबिच दुई वर्षअघि भएको विद्युत् खरिदबिक्री व्यापारसम्बन्धी सम्झौताविरुद्ध परेको मुद्दामा निर्देशनात्मक आदेश जारी गर्दै सर्वोच्च अदालतले स्वदेशमा पर्याप्त खपत भएपछि बाँकी रहेको विद्युत् बिक्री गर्नु भनी सरकारलाई निर्देशनात्मक आदेश दिएको हो।

शुक्रबार प्रकाशित भएको एवं २० कार्तिक २०८१ मा भएको फैसलाको पूर्णपाठमा सर्वोच्च अदालतले भनेको छ-'स्वदेशी खपतमा कुनै कटौती वा प्रतिकुल असर नपर्ने गनी विद्युत बिक्री गर्नू/गराउनू।'

नेपाल र भारतबीच भएको विद्युत् खरिद सम्झौता प्राकृतिक स्रोतसाधनको बाँडफाँटसम्बन्धी सम्झौता रहेको र त्यो संघीय संसदको दुई तिहाइ मतबाट अनुमोदन हुनुपर्ने माग राखी सूर्यनाथ उपाध्यायलगायतका व्यक्तिहरु सर्वोच्च अदालत गएका थिए।

त्यही मुद्दाको फैसलामा सर्वोच्च अदालतले रिट निवेदन खारेज गर्दै केही निर्देशनात्मक आदेश जारी गरेको हो। उक्त निर्देशनात्मक आदेश मार्फत सर्वोच्च अदालतले नेपालमा खपत भएपछि मात्रै विद्युत् बिक्री गर्नू भनी सरकारलाई आदेश दिएको हो। १९ पुस, २०८० मा नेपाल र भारतबिच दीर्घकालीन विद्युत खरिदबिक्री सम्झौता भएको थियो। पुष्पकमल दाहाल प्रधानमन्त्री भएको बेलाको सम्झौताले दुवै देशबीच विद्युत् खरिद र बिक्री गर्ने बाटो खुला गरेको थियो।उर्जालाई नै केन्द्रमा राखेर जलाशय र जलाशययुक्त आयोजना सञ्चालन गरेर नेपालले कुनै पनि लाभ पाउन नसक्ने अवस्था सिर्जना गरेको दाबीसहित रिट निवेदनमा उक्त सम्झौतामा ट्रान्समिसन पूर्वाधार पनि भारतको नियन्त्रणमा हुने व्यवस्था गरेको जिकिर छ।

सम्झौता अनन्तकालसम्म लागू हुने र नेपालको अहित खालको व्यवस्था त्यसमासमावेश गरिएको भन्दै संसद्बाट अनुमोदन गराउन माग थियो।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## प्रदेशमा अस्थिरता नल्याऊ

संघीय सरकारमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाई नजिकको बहुमत ल्याएको छ। रास्वपाको झण्डै दुई तिहाई बहुमतले राजनैतिक स्थिरताको प्रष्ट संकेत देखिएको छ। संघीय सरकारमा राजनैतिक स्थिरताको प्रष्ट तस्विर देखिंदा प्रदेश सरकारमा फेरबदलको हलचल देखिन थालेको छ।

केही दिनअघि एमाले अध्यक्ष केपी ओलीले एमाले नेताहरुसँग कोशी प्रदेश र सुदुरपश्चिम प्रदेश सरकारमा कांग्रेस सहमतिअनुसार नचलेको भन्दै नेतृत्व परिवर्तनको संकेत गरेको भन्दै केही सञ्चार माध्यममा समाचार आएका थिए। यद्यपी कांग्रेस सभापति गगन थापाले कांग्रेस-एमाले सहकार्य अहिले आवश्यक रहेको बताएका छन्। सुदुर पश्चिम प्रदेशमा एमाले-कांग्रेसबिच सहकार्य विना सरकार बन्नै नसक्ने अवस्था रहेको थापाले प्रष्ट पारे। मधेस प्रदेशमा जनमत पार्टीले समर्थन फिर्ता लिएपछि सरकार परिवर्तनको सम्भावना रहे पनि नेतृत्वको सरकारलाई निरन्तरता दिने चार दलबिच सहमतिले तत्काललाई टरेको छ। जनमत पार्टीले समर्थन फिर्ता गरेपछि कांग्रेस, जसपा नेपाल, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र लोसपा नेपालको संयुक्त बैठकले सरकारलाई निरन्तरता दिने निर्णय गर्‍यो।

प्रदेश सरकारहरु धेरै अस्थिर भए। प्रदेशमा कुनै राजनैतिक दलको प्रष्ट बहुमत नआउँदा दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउनुपर्ने बाध्यता छ। यो बाध्यताले गर्दा दलहरुबिच छिटो छिटो गठबन्धन फेर्ने प्रवृत्ति बढेको छ। जसले आम नागरिकमा प्रदेश सरकारप्रति वितृष्णा बढेको छ। खासगरी सरकार फेरिएपछि मन्त्रालयको संख्या बढाउने, मन्त्रालयको नाम हेरफेर गर्ने र बजेट विनियोजना मनपरी गर्ने प्रवृत्ति पछिल्ला वर्ष धेरै बढेको छ। बरु प्रदेश सरकारको पहिलो कार्यकालमा केही आशा लाग्दा काम भए। संस्थागत संरचनाको अभाव हुँदा समेत बजेट विनियोजन र खर्चमा सन्तुलन र अनुशासनमा रहेको देखिन्छ।

अहिले सरकार हेरफेरको समय होइन्। राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनादेश गएकाले कांग्रेस, एमाले र माओवादीसहितका दल आत्मसमीक्षा र आत्ममूल्याङ्कनमा लाग्नुपर्छ। अहिले प्रदेश सरकारहरु हेरफेर गर्दा कुनै दललाई फाइदा हुन्न। कुनै राजनैतिक सन्देश पनि जाँदैन।

त्यसो हुँदा दलहरुले प्रदेश सरकारमा नेतृत्व हेरफेर गर्ने तथा गठबन्धन फेर्ने दाउपेचमा लागेर प्रदेश संरचनाप्रति नागरिकमा बढ्दै गएको वितृष्णालाई बढाउन हुन्न। प्रदेश संरचनाप्रति जनविश्वास बढाउन जरुरी छ। यो संरचनाप्रति वितृष्णा बढाएर हटाउने वातावरण बने द्वन्द्व श्रृजना हुन्छ। अहिले मधेस प्रदेश बाहेक ६ वटा प्रदेशमा कांग्रेस-एमालेबिच सत्ता सहकार्य छ। यो सहकार्य हेरफेर गर्ने दाउपेचमा होइन्, बरु प्रदेशमा रहेको नेतृत्वलाई नतिजामुखी काम गर्न प्रेरित गर्न आवश्यक छ।

# विकासले ल्याउने विनास र विपत्तिले सिर्जना गर्ने अवसर



तुल्सीराम पाण्डे

आगोबाट घर र जङ्गललाई सुरक्षित राख्ने तालिम दिइन्छ। घर छाउन टीन सरकारले दिन्छ। बाढीले डुबाउने ठाउँमा सामाजिक संघसंस्थाहरूले सुरक्षित घर बनाइदिएका छन्। सरकारले समेत सुरक्षित आवास परियोजना ल्याएको छ। नदीले कटान गरेको ठाउँमा तटबन्ध गर्ने र रुख रोप्ने काम भएको छ।

वातावरणविद् राजनीतिकर्मी र विकासका विज्ञहरुले विकासले विनाश गर्दछ भन्दछन्। उनीहरुले नै फेरि कहिलेकाहीँ विनाश भएमा मात्र विकासको ढोका खुल्छ भन्दछन्। व्यक्तिको दृष्टिकोणअनुसार आ-आफ्नो ढङ्गले व्याख्या गरे पनि विकास र विनाश एक सिक्काका दुई पाटा हुन्।

ठूला देशहरुले आफ्नो देशमा ठुला ठुला उद्योग खोलेर आफ्नो देश विकास गरेका छन्। ती उद्योगबाट निस्कने विषाक्त रसायन र धुवाँले जमिनमा बस्ने जीवजन्तु र पर्यावरणको विनाश गरेको छ। पृथ्वीमा बस्ने सवै प्राणीहरु औद्योगीकरणको शिकार बन्दैछन्। सन् २०१९ मा चीनमा देखिएको कोरोना भाइरसले अहिले विश्वभरी त्रास मच्चाएको छ। यो भाइरस पनि मानव विनाशको एउटा कारण बन्न सक्दछ। विश्वयुद्धमा जापानमा अणुबम खसेको कारणले नै जापानीहरुले विकास गरे। ठुला देशहरुले उपनिवेश बनाएर स्वतन्त्र बनेपछि उनीहरुको राष्ट्रियता बलियो भयो। छिमेकी भारत त्यसको उदाहरण हो। आणविक भट्टी, बिजुलिका पावर हाउस र सिँचाइको लागि बनाएका ठुला बाँधहरुले मानिसको सुविधा र जोखिम दुबै बढाएका छन्।

अब नेपालमा भएको विनाश र अवसरको कुरा गरौँ। पहाडमा जनसंख्याको चापले गर्दा स्थानीय वन र रानीवनहरु मासिए। तराईमा बसाइँसराइले गर्दा चुरे पाहाडको वन र चारकोषे झाडी समेत पातलियो। वनविज्ञ र वातावरणविद्हरुले आवाज उठाउन थालेपछि वनलाई वर्गीकरण गरेर संरक्षण सुरु भयो। सामुदायिक वन, कबुलियती वन, निजी वन र राष्ट्रिय वनका नाममा नयाँ बिरुवा रोप्ने, उम्रेकालाई जोगाउने, आगोलागी, पहिरो नियन्त्रण गर्ने, जडीबुटीको संकलन गर्ने र वनबाट आय आर्जनका सङ्कलन जस्ता काम भएका छन्। वनको क्षेत्रफल वृद्धि भएको छ।

२०६६ सालमा कोशी ब्यारेज फुट्यो। ४ हजार विगाहा जमिन बगर बनायो। त्यहाँ बस्ने हजारौँ नागरिक सुकुम्वासी बने, कसैले बाबुआमा गुमाए। ब्यारेजको मर्मत भएपछि जमिन माथि खरभुजा, तरभुजा, बदाम र अन्य बालुवामा हुने खेतीबाट धानबाट भन्दा धेरै फाइदा भयो। पहिलेका गरिबहरु र बाबुआमा गुमाएका बच्चाहरुले राम्रो स्कुलमा पढ्ने अवसर पाए। स्वास्थ्यप्रतिको चेतना बढ्यो। बाढी र डुबानमा गरिने खेतीका धेरै प्रयोगहरु भए।

२०६१ सालमा ज्ञानेन्द्रले लगाएको सङ्कटकालमा कपिलवस्तुका स्थानीय जनताले प्रतिकार समूहमार्फत् माओवादीको समूहलाई मारे। त्यस घटनाले शासकहरुको नजर त्यहाँ पर्‍यो। तत्कालै गृहमन्त्रको भ्रमण भयो। त्यस ठाउँमा बिजुली र खानेपानीको व्यवस्था भयो। विद्यालयको स्तरोन्नति भयो। प्रतिकारको लागि थप हतियार दिने र त्यहाँका नागरिकलाई रोजगारी दिने कुरा भयो। २०४५ सालमा भारतले नाकाबन्दी गर्‍यो। नुन तेल पनि ल्याउन नसक्ने सरकारलाई किन मान्नु भनेर जनताहरुले पञ्चायतको विरुद्धमा आन्दोलन गरे। २०४६ साल चैतमा बहुदल आयो। २०७२ सालमा भारतले फेरि नाकाबन्दी गर्‍यो।

सरकारको विरुद्धमा कसैले पनि नारा लगाएन। सबैले एक-आर्कालाई सक्दो सहयोग गर्दै गए। भोक भोकै भए पनि भारतसँग लड्ने अठोट सबैले गरे। नेपालीको राष्ट्रियता प्रमाणीत भयो। बजारमा बस्ने आधार नभएको र डेरा गरेर बस्ने मानिसहरु गाउँमा बसाइँ सर्नथालेका थिए। केही मानिसहरुले गाउँको जग्गामा खेती गर्न समेत थालेका थिए। असारसम्म नाकाबन्दी भएको भए पच्चीस प्रतिशत र एक वर्ष भएको भए पचास प्रतिशत बजारका मान्छेहरु गाउँमा सर्ने थिए। दुई वर्षसम्म नाकाबन्दी भएको भए नेपालले आत्मनिर्भरताको बाटो समातेको हुन्थ्यो। चीनसँग पारवाहन सम्झौता पनि नाकाबन्दीकै कारणबाट भएको हो। माओवादीले चलाएको युद्धले त्यस समयमा सबैलाई कष्ट भए पनि महिला दलित र जनजातिहरुले राज्यबाट अधिकार पाए। सबैको चेतना बढ्यो।

२०७२ बैशाखमा ठुलो भूकम्प गयो। ८ हजार मानिस मरे। ८ लाख घरहरु भत्कीए। पहिरो गयो। विदेशी मिडियाहरु नेपालमा रिर्पोटिङ्ग गर्न आए। उद्धार र राहतको नाममा विदेशीहरुले सहयोग गरे। दातृ राष्ट्रहरुको बैठक नेपालमा बस्यो। विदेशी सञ्चार माध्यममा भएको नेपालको रिर्पोटिङ्गले विश्वका नागरिकहरुले नेपाललाई चिन्न पाए। आपसमा झगडा गरेका दलहरु मिलेर संविधान बनाए। सबै जनतामा भूकम्प प्रतिरोधी संरचना बनाउन चेतना आयो। सरकारबाट राहत लिनेहरुले भूकम्प प्रतिरोधी घर बनाए। अन्य सरकारी संरचना समेत भूकम्प प्रतिरोधी बने। नयाँ रोजगारी खुल्यो।

नयाँ तालिम पाए। राहत सङ्कलन गर्दा र बाँड्दा सबैमा सद्भाव बढ्यो। भूकम्पले हल्लाएको कारणले पहाडमा पहिरो गयो। भूगर्भविद्हरुले जमिनको अध्ययन गरे। पीडितले राहत पाएर नयाँ घर बनाए। २०७६ को चैत्रमा कोरोना आयो। यसको कारणले स्वास्थ्यप्रति सचेतना, हात धुने बानी र बाटोमा हिंड्ने आपतमा परेका मानिसहरुलाई खाना, लुगा र जुता दिएर स्थानीयले सहयोग गरे। अझ महत्वपूर्ण कुरा युरोप र अमेरिकी देशहरुमा समेत पूर्वीय बैदिक सँस्कारको चलनको सिको गर्न थालीयो।

तराईमा हरेक वर्ष आगोलागी हुन्छ। आगोबाट घर र जङ्गललाई सुरक्षित राख्ने तालिम दिइन्छ। घर छाउन टीन सरकारले दिन्छ। बाढीले डुबाउने ठाउँमा सामाजिक संघसंस्थाहरुले सुरक्षित घर बनाइदिएका छन्। सरकारले समेत सुरक्षित आवास परियोजना ल्याएको छ। नदीले कटान गरेको ठाउँमा तटबन्ध गर्ने र रुख रोप्ने काम भएको छ।

सबै प्राणीहरु पृथ्वीमा नै बस्ने भएको हुनाले प्रकृतिसँग जुध्दै र आफूलाई समयअनुसार बदल्दै लगेमा मात्र लामो समयसम्म सबैको अस्तित्व रहन्छ।

# माइग्रेन अर्थात् आधा टाउको दुखाइ

डा. यन्जन गैह्रै



**माइग्रेन के हो ?**

माइग्रेन भनेको टाउकोको एकातिर वा कहिलेकाहीँ दुबैपट्टि बारम्बार हुने, धड्किने वा चिमोटेजस्तो महसुस हुने तीव्र दुखाइ हो। यो सामान्य टाउको दुखाइभन्दा फरक हुन्छ र लामो समयसम्म रहन सक्छ–केही घण्टादेखि लिएर २-३ दिनसम्म पनि।

माइग्रेन सुरु हुनु अघि केही व्यक्तिमा 'अउरा' देखिन सक्छ, जसमा आँखामा झिल्का देखिने, धमिलो देखिने, शरीर झमझमाउने वा बोल्न गाह्रो हुने जस्ता संकेतहरू देखा पर्न सक्छन्।

यसका साथमा वाकवाकी लाग्ने, बान्ता हुने, उज्यालो वा ठूलो आवाज सहन नसक्ने, थकान तथा कमजोरी हुने जस्ता लक्षणहरू पनि देखिन्छन्।

**माइग्रेनका प्रमुख लक्षणहरू**

- टाउकोको एकातिर (कहिलेकाहीँ दुबैपट्टि) तीव्र दुखाइ हुनु
- धड्किने वा गहिरो पीडाजस्तो महसुस हुनु
- वाकवाकी लाग्नु वा बान्ता हुनु
- उज्यालो प्रकाश (फोटोफोबिया) र ठूलो आवाज (फोनोफोबिया) सहन नसक्नु
- आँखामा झिल्काजस्तो देखिनु वा धमिलो दृष्टि हुनु
- थकान, चिडचिडापन, ध्यान केन्द्रित गर्न गाह्रो हुनु
- शारीरिक गतिविधि गर्दा दुखाइ झन् बढ्नु

**माइग्रेन हुने मुख्य कारणहरू**

- मानसिक तनाव, चिन्ता र अत्यधिक सोंच
- निद्राको कमी, अनियमित सुत्ने र उठ्ने बानी
- धेरै समय मोबाइल, टिभी वा कम्प्युटर प्रयोग
- कफी, मदिरा, चुरोट तथा अत्यधिक मसालेदार वा प्रोसेस्ड खाना
- हार्मोनल परिवर्तन (विशेषगरी महिनावारीको समयमा महिलामा)
- पानी कम पिउनु (डिहाइड्रेसन)
- अनियमित भोजन वा लामो समय खाली पेट बस्नु
- मौसम परिवर्तन वा धेरै गर्मी र चिसो
- तेज गन्ध, तेज प्रकाश वा ठूलो आवाज

न्याचुरोप्याथी (प्राकृतिक उपचार)

- पानी उपचारः दिनभरि पर्याप्त मात्रामा तातो वा सामान्य पानी पिउनु–यसले शरीरको विषाक्त पदार्थ बाहिर निकाल्न मद्दत गर्छ।
- चिसो र तातो सेकः टाउको दुखेको भागमा चिसो सेक र घाँटी-काँधमा तातो सेक गर्दा स्नायु शिथिल भई आराम मिल्छ।
- माटो उपचारः चिसो माटोको लेप निधार वा टाउकोमा लगाउँदा तातोपन घटाई दुखाइ कम गर्न सहयोग गर्छ।
- उपवास (डाक्टरको सल्लाहमा) हल्का वा फलाहार उपवासले पाचन प्रणाली सुधार गरी माइग्रेनको आवृत्ति घटाउन सक्छ।
- सनबाथ (घाम उपचार) बिहानको हल्का घामले शरीरमा भिटामिन डी बढाएर समग्र स्वास्थ्य सुधार गर्छ।

योग र प्राणायाम

- अनुलोम-विलोम प्राणायाम (स्नायु सन्तुलनका लागि)
- भ्रामरी प्राणायाम (मानसिक शान्तिका लागि अत्यन्त प्रभावकारी)
- कपालभाति (हल्का मात्रामा, चिकित्सकको सल्लाह अनुसार)
- शवासन (पूर्ण विश्रामका लागि)
- बालासन (तनाव कम गर्न)
- पश्चिमोत्तानासन (रक्तसञ्चार सुधारका लागि)

नियमित १५-३० मिनेट योग अभ्यासले माइग्रेनको आवृत्ति र तीव्रता दुवै घटाउन मद्दत गर्छ।

**घरमै गर्न सकिने घरेलु उपायहरूः**

- अदुवा र मह मिसाएर बिहान सेवन गर्ने (सूजन कम गर्न सहयोगी)
- तुलसीको पातको रस वा चिया सेवन गर्ने
- पर्याप्त पानी पिउने (दिनमा २-३ लिटर)
- नियमित समयमा सुत्ने र उठ्ने (७-८ घण्टा निद्रा)
- लामो समय खाली पेट नराख्ने
- तेज प्रकाश, ठूलो आवाज र गन्धबाट टाढा रहने
- मोबाइलरस्क्रिन प्रयोग कम गर्ने
- ध्यान (Meditation) र गहिरो श्वासप्रश्वास अभ्यास गर्ने

**कहिले डाक्टरसँग परामर्श गर्ने ?**

- दुखाइ अत्यन्त धेरै र बारम्बार हुने भएमा
- औषधि खाँदा पनि राहत नपाएमा
- दृष्टि गुम्ने, बोली अस्पष्ट हुने वा शरीर सुन्निने जस्ता असामान्य लक्षण देखिएमा
- अचानक धेरै तीव्र टाउको दुखाइ सुरु भएमा

माइग्रेन जीवनशैलीसँग गहिरो रूपमा सम्बन्धित समस्या हो। केवल औषधिमा निर्भर नभई सही खानपान, नियमित दिनचर्या, तनाव व्यवस्थापन, योग, प्राणायाम तथा प्राकृतिक उपचार अपनाएमा यसलाई दीर्घकालीन रूपमा नियन्त्रण गर्न सकिन्छ।

समयमै सचेत भएर स्वस्थ जीवनशैली अपनाउनु नै माइग्रेनबाट बच्ने र दीर्घकालीन स्वास्थ्य कायम गर्ने सबैभन्दा प्रभावकारी उपाय हो।

अपनाउनु नै माइग्रेनबाट बच्ने र दीर्घकालीन स्वास्थ्य कायम गर्ने सबैभन्दा प्रभावकारी उपाय हो।

योग तथा प्राकृतिक चिकित्सक

स्वास्थ्य खबरबाट

# सुनचाँदीको मूल्यमा सामान्य उतारचढाव



काठमाडौँ। गत शुक्रबारको तुलनामा स्थानीय बजारमा आइतबार सुनचाँदीको मूल्यमा सामान्य उतारचढाव आएको छ। सुन तोलामा रु एक हजारले घटेको छ भने चाँदीको मोल भने रु २५ ले बढेको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ९८ हजार ९०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु पाँच हजार ३०० कायम भएको छ। गत शुक्रबार एक तोला छापावाल सुन रु दुई लाख ९९ हजार ९०० र त्यति नै परिमाणको चाँदी रु पाँच हजार २७५ मा खरिदबिक्री भएको थियो।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमका अनुसार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ७१५ र त्यति नै परिमाणको चाँदी ८० अमेरिकी डलरमा कारोबार भइरहेको छ।



**बर्सिम घाँसको दाना:**
दाङको घोराही उप-महानगरपालिका -६ का किसान बर्सिम घाँसको दाना स्याहार्दै । यो घाँसको दाना बिउको रूपमा प्रयोग गर्न २२५ रुपैयाँ किलोमा बिक्री भैरहेको छ । यहाँका किसानले बर्सिम घाँसको बीउ बिक्री गरेर राम्रो आम्दानी गर्ने गरेका छन् । तस्विर : रासस

# प्रेस चौतारी पाल्पाको २६औँ स्थापना दिवस

## वर्तमान सरकारले बेवास्ता गरेमा कडा किसिमका आन्दोनमा देशभरीका पत्रकारहरु उत्रिने चेतावनी ।



पाल्पा । प्रेस चौतारी नेपाल पाल्पाले २६औं स्थापना दिवस शुभकामना आदान प्रदानसहित भित्ते पात्रो सार्वजनिक गरी मनाएको छ । स्थापना दिवसमा बोल्ने पत्रकारहरुले सरकारले निजी मिडियालाई बन्द गरेर आम नागरिकहरुको मुख थुन्ने प्रयासमा लागेको बताएका छन् । सरकारले गरेका जन विरोधी कामहरु समेत मिडियाले उठाउन थालेपछि दुई तिहाईको बहुमत प्राप्त सरकारले निजी क्षेत्रबाट सञ्चालित मिडिया नै बन्द गर्न लागेको बारे पत्रकारहरुले जोड दिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले आफ्नो भजन मात्र गाउने सरकारी मिडियालाई मात्र जोगाउने, निजी मिडियालाई सरकारी विज्ञापन रोकेर बन्द गर्न बाध्य बनाउने, हजारौं पत्रकारहरुलाई बेरोजगार बनाउने वर्तमान सरकारले चालेको निरकुंश शैली तत्काल सच्चाउन माग गरे ।

आफ्नो गलत निर्णय सच्चाउन पत्रकार महासंघले गरेको अनुरोधलाई वर्तमान सरकारले बेवास्ता गरेमा कडा किसिमका आन्दोनमा देशभरीका पत्रकारहरु उत्रिने चेतावनी अध्यक्ष तिमिल्सीनाले दिए ।

जनताको जनमतलाई पत्रकारहरुले सम्मान गर्दै आएको भए पनि गलत कुराको पत्रकारहरुले सधैं खबरदारी गर्ने काममा दिनरात पत्रकार लागेकोले राज्यले संरक्षण गर्नुपर्नेमा घुमाउँरो तरीकाबाट निजी मिडिया नै बन्द गर्न वर्तमान सरकार लागिपरेको अध्यक्ष तिमिल्सीनाले बताए । स्थापना दिवसको अवसरमा सरकारले निजी क्षेत्रलाई विज्ञापन नदिने गरेको निर्यण तत्काल सच्चाउन प्रेस चौतारी पाल्पाले माग गरेको छ ।

स्थापना दिवसमा नेकपा एमालेका केन्द्रीय सदस्य नारायणप्रसाद आचार्य, एमाले जिल्ला अध्यक्ष ओमबहादुर घर्तीमगर, प्रेस चौतारी पाल्पा इञ्चार्ज मिलन विश्वकर्मा पत्रकार महासंघका पूर्व अध्यक्षहरु गोविन्द भट्टराई, राजेशकुमार अर्याल, महासंघ पाल्पाका पूर्व सचिव किरण कौशललगायतले मिडिया तथा प्रेसलाई नियन्त्रण गर्न खोज्नु जनताको दुई तिहाई मतको दुरुपयोग गर्दै अधिनायकवाद निरङ्कुश शैलीमा सरकार चल्न खोजेकोले तत्काल निर्यण सच्चाउनु पर्ने बताए ।

प्रेस चौतारी पाल्पाको २६औं स्थापना दिवस शाखा अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता र सचिव दयाराज न्यौपानेको सञ्चालनमा भएको थियो ।

# नेपालगञ्जमा प्रभावकारी बन्दै आवास बिमा कार्यक्रम




बाँके । गत वर्षको भदौमा परेको अविरल वर्षाले नेपालगञ्ज उपमहानगरपालिका-७ निवासी उत्तमसिंह पञ्जावीको घर भत्कियो । वर्षौं दुःख गरेर बनाएको घर क्षतिग्रस्त भएपछि उनको परिवारलाई निकै तनाव भएको थियो ।

'त्यो रात सम्झिँदा अझै डर लाग्छ । निरन्तरको पानीले घरको केही भाग भत्कियो । परिवारका सबै सदस्यले भागेर ज्यान जोगायौं,' पञ्जावीले विगत सम्झिँदै भने-'सबैभन्दा ठूलो चिन्ता साना बालबालिकाको थियो । त्यसमाथि फेरि घर बनाउन आर्थिक जोहो कसरी गर्ने भन्ने चिन्ता थियो । धेरै दिनसम्म निद्रा लाग्दैनथ्यो ।'

आर्थिक अवस्था कमजोर भएका कारण तत्काल घर मर्मत गर्ने सम्भावना पनि थिएन, तर नेपालगञ्ज उपमहानगरपालिकाले लागू गरेको आवास बिमा कार्यक्रम उनका लागि बरदान भयो । राष्ट्रिय बिमा कम्पनीमार्फत् गरिएको बिमाअन्तर्गत रु दुई लाख ३२ हजार ()) दाबी भुक्तानी पाएपछि पञ्जावीको घर फेरि ठडिएको छ ।

नगरप्रमुख प्रशान्त विष्टले पहिलो लाभग्राहीका रूपमा चेक हस्तान्तरण गर्दा आफू भावुक बनेको क्षण सम्झिँदै उनले भन-'पहिले घरको बिमा किन गरिरहनुपर्यो र भन्ने लागेको थियो, घर भत्किएपछि पो थाहा पाइयो बिमाको महत्त्व । हाल त्यही बिमाका कारण ओत लाग्ने अवस्था बनेको छ । आवास बिमा कार्यक्रम विपद्को समयमा गरिब तथा न्यून आय भएका परिवारका लागि त ठूलो सहारा हुँदो रहेछ ।'

नेपालगञ्ज उपमहानगरपालिकाले विपद्जन्य जोखिम न्यूनीकरणका लागि वडा नं. ३ र ७ मा आवास बिमा कार्यक्रम लागू गरेको छ । जोखिमयुक्त परिवारलाई लक्षित गर्दै सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत हालसम्म एक सय ८४ परिवारमा यसमा आबद्ध भएका छन् ।

नगरप्रमुख विष्टले विपद् आएपछि राहत वितरण गर्नुभन्दा विपद् आउनुअघि नै सुरक्षाको आधार तयार गर्ने उद्देश्यसहित आवास बिमा कार्यक्रम लागू गरिएकामा हाल प्रभावकारी बन्दै गएको बताए । 'विपद् कहिले आउँछ भन्ने निश्चित हुँदैन, तर त्यसको असर कम गर्न पूर्वतयारी गर्न सकिन्छ । सोही सोचअनुसार सुरु गरिएको बिमा कार्यक्रम प्रभावकारी बन्दै गएको छ ।'-उनले भने ।

नगरप्रमुख विष्टले दुई वडाबाट सुरु गरिएको कार्यक्रम हाल वडा नं. ८ र ११ मा पनि विस्तार गरिएको र आगामी दिनमा सबै वडाका जोखिमयुक्त परिवारलाई यसमा समेट्ने योजना रहेको जानकारी दिए । नेपालगञ्जले सुरु गरेको यस्तो कार्यक्रमबाट प्रभावित हुँदै नरैनापुर गाउँपालिका, कोहलपुर नगरपालिका र खजुरा गाउँपालिकाले यसै आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने तयारी गरेका छन् ।

विपद् सम्पर्क व्यक्ति दिपेन्द्र श्रेष्ठले आवास बिमा कार्यक्रमले समुदायमा विपदबारे सचेतना बढाउनुका साथै क्षतिपछि पुनःस्थापनामा सघाउ पुगेको बताए । 'पहिला नागरिकले बिमा भनेपछि झन्झट मान्थे, हाल लाभ पाउन थालेपछि समुदायमा विश्वास बढ्दै गएको छ,' उनले भने-'यसबाट प्रभावित हुँदै अन्य स्थानीय तहले पनि कार्यक्रम लागू गर्ने तयारी गरेका छन् । यो राम्रो पक्ष हो ।'

यहाँ बिमाको प्रिमियम रकम उप-महानगरपालिकाले ब्यहोर्ने गरेको छ भने क्षतिको अवस्थाअनुसार बिमितलाई रु १५ लाखसम्म रदिने व्यवस्था गरिएको छ । स्थानीयवासीका अनुसार पछिल्ला वर्षमा अविरल वर्षा, डुबान र हावाहुरीका घटना बढ्दै गएका छन् । यसबाट कमजोर संरचना बनाएर बस्ने परिवार बढी प्रभावित हुने गरेका छन् । यस्तो अवस्थामा आवास बिमा कार्यक्रमले सहयोग पुर्याउने अपेक्षा गरिएको छ ।

यसका लागि यहाँ कार्यान्वयनमा रहेको विपद् पूर्वतयारी तथा व्यवस्थापनमा सुपर कार्यक्रमले प्राविधिक सहकार्य गरिरहेको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा युएनडिपीलगायत विभिन्न संस्थाको साझेदारीमा सञ्चालित उक्त कार्यक्रमले नेपालगञ्ज उप-महानगरपालिकासँग समन्वय गर्दै विपद् जोखिम न्यूनीकरणका गतिविधि सञ्चालन गरिरहेको छ ।

# माझगाउँमा 'एक घर, एक धारा' कार्यक्रम

ढोरपाटन (बागलुङ) । बागलुङको जैमिनी नगरपालिका-३ देरालीखानी माझगाउँमा 'एक घर, एक धारा' कार्यक्रमअन्तर्गत धारणा निर्माण गरिएको छ । गोर्खा वेलफेयर ट्रस्ट नेपालको सहयोग र जनश्रमदानबाट प्रत्येक घरमा खानेपानीको धारा निर्माण गरिएको हो ।

गोर्खा वेलफेयरको रु ३६ लाख र स्थानीयको रु नौ लाखको श्रमदान गरी कुल रु ४५ लाख लागतमा देउराली खानी गाउँका प्रत्येक घरमा धारा निर्माण गरिएको देउरालीखानी माझगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष वेदबहादुर छन्त्यालले जानकारी दिए ।

खानेपानीको स्रोत नजिकै भए पनि सहज पहुँच नहुँदा वर्षौंदेखि स्थानीयले समस्या भोग्दै आएका थिए । माझगाउँभन्दा माथिको छरछेरे मुलबाट पानी सङ्कलन गरी पाइप लाइनमार्फत् घरघरमा पुऱ्याइएको उनको भनाइ छ । दुई हजार लिटरका दुई र पाँच हजार लिटर क्षमताका दुई ट्याङ्की निर्माण गरी गाउँमा पानी झारिएको अध्यक्ष छन्त्यालले बताए । हरेक स्थानीयको घरमा अहिले पार्यप्त पानी पुगेको उनको भनाइ छ ।

"गाउँमा खानेपानीको निकै समस्या थियो, यो समस्या समाधानका लागि लामो समयदेखि प्रयास गर्दै आएका थियो", अध्यक्ष छन्त्यालले भने-"घरमा पानीका धारा बनेपछि गाउँले सबै खुसी भएका छौं, यसले हाम्रो दैनिकी नै फेरिने अपेक्षा छ ।"

विसं २०५३ मा कादुरी संस्थाले निर्माण सार्वजनिक धाराबाट अहिलेसम्म स्थानीयले खानेपानी उपभोग गर्दै आएका थिए । एउटा धाराबाट धेरै उपोक्ताले पानी भर्दा घण्टौंसम्म लाइन बस्नुपर्ने बाध्यता थियो ।

एक घर, एक धारा बनेपछि सहज भएको स्थानीय मनकुमारी छन्त्यालले बताए । उनले भने-"एउटा धाराबाट धेरै परिवारका मान्छेले पानी उपभोग गर्दा कति समस्या भोगे हौंला ?, अब त त्यो समस्या कहिल्यै आइपर्ने छैन, बिहानै उठ्यो, पानीकै चिन्ता, साँझ पऱ्यो पानीकै चिन्ता, अहिले बल्ल हाइसञ्चो भयो, अब त जतिबेला चाइयो, त्यतिबेला आँगनको धारा खोलेर पानी भर्न पाएका छौं ।"

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले खानेपानी समस्या भएका गाउँ बस्तीमा पालिकाले सहजीकरण गरेर समस्या समाधान गर्न थालेको जनाए । नगरपालिकाका कतिपय गाउँबाट खानेपानीको समस्याका कारण बसाइँसराइसमेत भएको भन्दै अब कुनै पनि नागरिक स्वच्छ खानेपानीबाट वञ्चित नहुने उनको भनाइ छ । सानातिना खानेपानी समस्या भएको स्थानमा पालिकाले नै समस्या समाधान गरको भन्दै ठूला योजना विभिन्न सङ्घसंस्था तथा प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गरेर काम गरिरहेको उपप्रमुख शर्माले बताए ।

### पञ्चकन्या रूपन्देही सुपरलिगः

# तिरूपतिले हरायो देवदहलाई




भैरहवा । भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको आइतबारको खेलमा तिरुपति क्रिकेट क्लबले देवदह क्रिकेट युनिटलाई ४ विकेटले पराजित गर्दै जित हात पारेको छ ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङमा आएको देवदहले निर्धारित ५० ओभरमा २८ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर १ सय १२ रन जोड्यो । उसका लागि सुदीप अर्यालले ४०, सुमन पाण्डेले २०, सुरज खड्काले १२ र सोयम चापागाईंले ११ रन बनाए । बलिङमा तिरुपतिका दिवान पुनले ३, आकाश त्रिपाठी र तुलबहादुर थापाले २-२ तथा सन्दीप मौर्यले १ विकेट हात पारे ।

जवाफी ब्याटिङ गरेको तिरुपतिले १७ ओभर ५ बलमा ६ विकेट गुमाएर १ सय १४ रन बनाउँदै जित निकाल्यो ।

उसको जितमा आकाश त्रिपाठीले ५० रनको अर्धशतकीय पारी खेल्दा रौनक श्रीवास्तवले अविजित २० र तुलबहादुर थापाले १४ रन जोडे । बलिङमा देवदहका सुरज खड्काले ३ तथा सुदीप अर्याल र रोशन गौतमले १-१ विकेट लिए । खेलमा अकाश त्रिपाठी प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट व्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए ।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उप-विजेता पुरस्कारको प्रायोजन गरेका छन् । यसैगरी सिद्धार्थ उद्योग वाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन् ।

**खपतभन्दा...**

नेपालको समृद्धिका लागि आर्थिक वृद्धि अनिवार्य रहेको र त्यसका लागि आगामी २० वर्षमा स्वदेशभित्रै करिव ५० हजार मेगावाट विद्युत् खपत हुनसक्ने भन्दै रिट निवेदनमा विद्युत् बिक्रीको सम्झौताले नेपालमा नै विकासको सम्भावना अवरुद्ध हुने जिकिर गरिएको थियो । रिट निवेदनमा उक्त सम्झौता कार्यान्वयन नगर्न आदेश जारी हुनुपर्ने माग थियो । विद्युत् व्यापार खरिद बिक्री सम्झौता संविधानको धारा २७९ बमोजिम संसदबाट अनुमोदन गर्नुपर्ने खालको हो कि होइन भन्ने प्रश्नमा केन्द्रित भएर सर्वोच्च अदालतले मुद्दाको फैसला गरेको छ ।

तत्कालीन प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत सहित न्यायाधीशहरु सपना प्रधान मल्ल र महेश शर्मा पौडेलको इजलासले उक्त मुद्दाको फैसला गरेको थियो ।

संविधानको धारा २७९ मा शान्ति मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध, नेपाल राज्यको सिमाना र प्राकृतिक स्रोत तथा उपयोगको बाँडफाँडसँग सम्बन्धित सन्धि वा सम्झौतालाई संघीय संसद्को दुई तिहाई बहुमतबाट अनुमोदन गर्नुपर्ने व्यवस्था छ ।

सर्वोच्च अदालतले फैसलाको पूर्णपाठमा भनेको छ-'प्रस्तुत सम्झौता जलस्रोतको बाँडफाँट नभई केवल जलविद्युत् व्यापार क्षेत्रसँग सम्बन्धित रहेको र प्रसारण पूर्वाधारलाई बढावा दिने भएकोले प्रस्तुत सम्झौताबाट प्राकृतिक स्रोतको बाँडफाँट हुने भनी मान्न मिल्ने देखिएन ।'

दुवै राज्यले विद्युतीय कारोबार गर्ने प्रतिबद्धतालाई दस्ताबेजीकरण गरेको देखिएको भनी सर्वोच्च अदालतले यसअघिका सम्झौताहरुमा पनि विद्युत खरिदबिक्री सम्झौतालाई प्राकृतिक स्रोतसाधनको बाँडफाँडसँग जोडेर हेर्न नमिल्ने व्याख्या गरेको हो ।

सर्वोच्चले आफ्नो निष्कर्षमा भनेको छ-'त्यो सम्झौता दुई मुलुकबीच दीर्घकालिन विद्युतीय व्यापार प्रवर्धन गर्ने उद्देश्यले तयार भएको थियो ।' उक्त सम्झौताले जलविद्युतको विकास र उपयोगमा दुई देशबीचको व्यापार कारोबारबाट हुनसक्ने करारको प्रकृतिको देखिएको सर्वोच्चको व्याख्या छ ।

'विद्युत् भनेको पानीको रुपमा रहेको प्राकृतिक स्रोतबाट भएको उत्पादन हो, जो स्वयंमा प्राकृतिक स्रोत होइन,' फैसलाको पूर्णपाठमा भनिएको छ-'विद्युत्लाई प्राकृतिक स्रोत मान्ने हो भने भूमिबाट उत्पादित अन्नलाई पनि प्राकृतिक स्रोत मान्नुपर्छ र त्यसको निकासी रोक्नुपर्ने दिन आउनसक्छ ।'

विद्युत् खरिदबिक्री सम्झौता प्राकृतिक स्रोतको बाँडफाँड नभएकाले संघीय संसदबाट अनुमोदन गर्न नपर्ने सर्वोच्च अदालतको व्याख्या हो । त्यतिबेला सरकारले उक्त सम्झौता गर्न उर्जा सचिवलाई अख्तियारी दिने निर्णय गरेको थियो । सर्वोच्च अदालतले अधिकार पाएको व्यक्तिले हस्ताक्षर गर्नुलाई स्वभाविक भनेको हो ।

सम्झौतामा रहेका प्रावधानबाट दुई देशबिच विद्युत् व्यापार, पूर्वाधार विकास र विद्युत्मा लगानी प्रवर्द्धन गर्ने लक्ष्य रहेको भन्दै सर्वोच्च अदालतले फैसलामा भनेको छ-'नेपालमा खपत नभई बढी भएको हदमा मात्र भारतलाई सो १० हजार मेगावाट बिक्री गर्ने अर्थमा सम्झौतालाई बुझ्नुपर्ने हुन्छ ।'

रिट निवेदन खारेज गरेपछि सर्वोच्च अदालतले सरकारलाई केही निर्देशनात्मक आदेश दिएको छ । सर्वोच्च अदालतले सरकारबाट स्वीकृत सन्धिहरूको सूचना संघीय संसदमा पठाउनू भनेको छ । अनि सम्झौताहरुलाई राजपत्रमा प्रकाशित गर्नू भनी आदेश दिएको छ ।

सर्वोच्चले विद्युत् व्यापार, ग्रीड जडान र प्रसारण पूर्वाधारको विस्तार गर्दा राष्ट्रिय हित प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय समन्वय गर्नू भनेको छ । निर्देशनात्मक आदेशमा नै स्वदेशी खपतमा कुनै कटौती वा प्रतिकूल असर नपर्ने गरी विद्युत् बिक्री गर्नू/गराउनू भनी आदेश दिएको हो । सर्वोच्चले निर्देशनात्मक आदेशमा भनेको छ, 'सम्झौता कार्यान्वयन गर्दा प्राकृतिक स्रोतको बाँडफाँड हुने स्थिति आएमा संविधान बमोजिम संसदबाट अनुमोदन गर्नू ।'

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

बुटवलमा 'डीजी अवार्ड २०८२'

# ४५ विद्यालयका ४० भन्दा बढी विद्यार्थी र उत्कृष्ट शिक्षक सम्मानित



बुटवल। नेपालमा अन्तर्राष्ट्रियस्तरको कम्प्युटर पाठ्यक्रम भित्र्याएर बालबालिकाहरूलाई प्रविधिमा दक्ष बनाउँदै आएको डीजी स्कुल लुम्बिनी प्रदेशले बुटवलमा भव्य समारोहका बिच 'डीजी अवार्ड सेरोमनी २०८२' सम्पन्न गरेको छ। बेलायतको एन्सिसि (नेश्नल कम्प्युटिंग सेन्टर)को विश्वस्तरीय कम्प्युटर पाठ्यक्रमलाई नेपालका विद्यालयहरूमा कार्यान्वयन गर्दै आएको डीजी स्कुलले विद्यार्थीहरूलाई प्रविधिको संसारमा डोहोर्‍याउने शिक्षक र उत्कृष्ट नतिजा ल्याउने ४० भन्दा बढी विद्यार्थीहरूलाई उनीहरूका अभिभावकको उपस्थितिमा सम्मानित गरिएको छ।

२०८२ सालमा डीजी स्कुलको पाठ्यक्रम सञ्चालनमा रहेका ४५ वटा विद्यालयहरू मध्येबाट उत्कृष्ट ठहरिएका विद्यार्थीहरूलाई विशेष समारोहमा अवार्ड प्रदान गरिएको थियो। सफ्टएड ग्रुपका अध्यक्ष विज्ञान श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बोल्दै उनले डीजी स्कुल सन् २०१९ देखि सञ्चालनमा आएको जानकारी दिए।

उनले विद्यार्थीहरुलाई सानैदेखि कोडिङ तथा सूचना प्रविधिसम्बन्धी शिक्षा आवश्यक रहेको भन्दै व्यवहारिक रुपमा सिकाइ भइरहेको बताए। श्रेष्ठले पछिल्लो समय आईटी शिक्षाप्रति विद्यार्थी र अभिभावक दुवैको आकर्षण बढ्दै गएको उल्लेख गर्दै केही वर्षको प्राविधिक शिक्षाले नै विद्यार्थीलाई सक्षम र प्रतिस्पर्धी बनाउन सकिने धारणा राखे। "हामीले सन् २०१९ देखि नै विद्यालय तहबाटै कोडिङ, आर्टिफिसियल इन्टेलिजेन्स एआई र साइबर सुरक्षा जस्ता विषय पढाउन सुरु गरेका छौं," उनले भने-"अहिले नेपालभरका करिब २५० विद्यालय हामीसँग आबद्ध छन्। हाम्रो उद्देश्य भनेको बालबालिकालाई सानै उमेरमा प्रविधिसँग फेमिलियर बनाएर नेपालमै बसेर विश्वभरका फ्रीलांसिङ र अनलाइन जबहरू गर्न सक्ने दक्ष जनशक्ति तयार पार्नु हो।"

उनले थपे भारत जस्ता देशले सफ्टवेयर निर्यात गरेर अर्बौं डलर कमाइरहेका छन् भने नेपालका युवाहरूमा पनि त्यो क्षमता छ। यसका लागि विद्यालय तहदेखि नै स्किल बेस्ड एजुकेशन अनिवार्य रहेको श्रेष्ठको तर्क थियो।

डीजी स्कुलले एन्सिसि(नेश्नल कम्प्युटिंग सेन्टर)को कम्प्युटर पाठ्यक्रमलाई नेपालका विद्यालयहरूमा कार्यान्वयन गर्दै आएको बताउँदै उनले कम्प्युटर पाठ्यक्रमलाई नेपाली विद्यालयहरूको परिवेश सुहाउँदो बनाएर लागू गरिएको डिजि स्कूलले जनाएको छ। लुम्बिनी प्रदेशका विद्यार्थीहरूले पनि विकसित देशका विद्यार्थीहरुले पढ्न पाउने अन्तर्राष्ट्रियस्तरको कम्प्युटर शिक्षा नेपालमै पाउन सकेका छन्। सफ्ट्वेरिका कलेज आफ् आईटी एण्ड कमर्सका क्याम्पस प्रमुख प्रमोद पौडेलले नेपाली विद्यार्थीहरूलाई सानै उमेरमा अन्तर्राष्ट्रिय स्तरको सूचना प्रविधि शिक्षासँग जोड्न सफल भएको बताए।

विद्यार्थीहरूलाई वर्षभरि डीजी स्कुलको कोर्स पढाएर उनीहरूलाई डिजिटल रूपमा साक्षर र दक्ष बनाउन अहोरात्र खट्ने उत्कृष्ट शिक्षकहरूलाई पनि अवार्ड प्रदान गरियो। प्रविधिमैत्री शिक्षाको विस्तारमा शिक्षकहरूको भूमिका महत्वपूर्ण रहने भन्दै उनीहरूको योगदानलाई उच्च मूल्यांकन गरिएको हो।

अहिले लुम्बिनी प्रदेशका मात्रै ४५ वटाभन्दा बढी विद्यालयहरू डीजी स्कुलको सञ्जालमा जोडिएका छन्। रुपन्देही, दाङ, नवलपरासी, पाल्पा र गुल्मी जस्ता जिल्लामा यो कार्यक्रमले एउटा मानक स्थापित गरिसकेको छ। यस वर्ष ४० भन्दा बढी उत्कृष्ट विद्यार्थी र सफल शिक्षकहरूको सम्मानले यो सञ्जाल अझै विस्तार हुने संकेत गरेको छ। डीजी स्कुलले पाठ्यक्रम मात्र नदिएर विद्यालयका शिक्षकहरूलाई पनि अन्तर्राष्ट्रिय मापदण्डअनुसारको तालिम प्रदान गर्दछ।

शिक्षकहरू आफैँ प्रविधिमा अपडेट भएपछि मात्र विद्यार्थीले सही ज्ञान पाउँछन् भन्ने मान्यताका साथ यसले 'शिक्षक सम्मान र प्रशिक्षण' लाई प्राथमिकतामा राखेको डीजी स्कुल लुम्बिनी प्रदेशका निर्देशक लेखनाथ पन्थले जानकारी दिए। पन्थका अनुसार रुपन्देही, दाङ, नवलपरासी, पाल्पा र गुल्मीलगायत जिल्लामा अध्ययनरत विद्यार्थीबिच गरिएको आन्तरिक प्रतिस्पर्धामा उत्कृष्ट हुनेहरुलाई सम्मान गरिएको हो। सो अवसरमा टेक पाइलाका अध्यक्ष राजेन्द्र मल्ल, डीजी स्कुलका क्याम्पस चिफ प्रमोद पौडेललगायतले सूचना प्रविधि शिक्षाको महत्वबारे धारणा राखेका थिए।

यस्तै, कार्यक्रममा बिजनेस डेभलपमेन्ट प्रमुख अमृत थापा, टेक पाइला इनोभेसनका एसोसिएट डाइरेक्टर चिरञ्जीवी अधिकारी,अभिभावक महासंघ लुम्बिनी प्रदेश अध्यक्ष हेम थापा, प्याब्सन नेपाल सचिवालय सदस्य लेखनाथ पौडेल, रुपन्देही जिल्ला प्याब्सन कार्यसमिति सदस्य यमन भण्डारी, स्टेसनरी तथा पुस्तक व्यवसायी समिति रुपन्देहीका प्रतिनिधि बोधराज शर्मा लगायत शैक्षिक क्षेत्रका अगुवा व्यक्तीहरुको आतिथ्यता रहेको थियो।

कार्यक्रममा डीजी ग्रुपकी बिजनेस हेड अनिता महर्जनले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् भने सञ्चालन कल्पना कुशुमले गरेकी थिइन्।

मिडिया मन्थनको दोस्रो दिन चार सत्रमा बहस :

# मिडिया संकटदेखि लुम्बिनी पर्यटनसम्मका विषयमा केन्द्रित छलफल




बुटवल। नेपाल पत्रकार महासंघ नेपाल पत्रकार महासंघ रुपन्देहीको आयोजनामा बुटवलमा जारी 'मिडिया मन्थन तथा राष्ट्रिय सञ्चार सम्मेलन'को दोस्रो दिन आइतबार चार वटा विषयगत सत्रमा छलफल गरिएको छ। सम्मेलनमा मिडियाको आर्थिक संकट, लुम्बिनीको पर्यटन, सञ्चार क्षेत्रको वर्तमान चुनौती तथा सम्भावित समाधानका विषयमा सरोकारवालाबिच बहस भएको हो।

'आर्थिक संकटमा मिडिया, अबको बाटो' विषयक सत्रमा सहभागीहरूले कोभिड-१९ पछि सञ्चार क्षेत्र गम्भीर आर्थिक संकटमा परेको बताएका छन्। कार्यक्रममा कान्तिपुर मिडिया ग्रुप का प्रमुख कार्यकारी अधिकृत महेश स्वाँर ले मिडियाले समयअनुसार आफूलाई रूपान्तरण गर्नुपर्ने आवश्यकता औंल्याउँदै पत्रकारिता र युट्युब गतिविधिबीच स्पष्ट भिन्नता छुट्याउनुपर्ने बताए। "पत्रकारिता हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहन्छ।"- उनले भने।

त्यस्तै बुटवल टुडेका प्रबन्ध सञ्चालक नवराज कुँवरले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममै सीमित गर्ने नीति भ्रष्टाचार बढाउने खालको भएको टिप्पणी गरे। नेपालगञ्ज दैनिक का सञ्चालक झलक गैरे ले सरकारको नीतिले निजी क्षेत्र निरुत्साहित भएको बताउँदै मिडियालाई संस्थागत रूपमा बलियो बनाउनुपर्नेमा जोड दिए।

त्यसैगरी न्यूज एजेन्सी नेपालका अध्यक्ष कृष्णा पौडेलले मिडिया हाउस बलियो भए मात्र न्यूज एजेन्सीहरू पनि दिगो बन्न सक्ने बताए। संकटका बेला अन्तर्राष्ट्रिय अभ्यास अध्ययन गरेर मिडियालाई दिगो बनाउनुपर्ने उनको भनाइ थियो। उक्त सत्रको सहजीकरण पत्रकार नरेश के.सी. ले गरेका थिए।

त्यस्तै 'लुम्बिनीको पर्यटन : पर्यटक र पैसा कसरी भित्राउने ?' विषयक सत्रमा सहभागीहरूले लुम्बिनी आउने पर्यटकको बसाइ अवधि बढाउन नसकिएकोप्रति चिन्ता व्यक्त गरेका छन्। लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यबाहक नगरप्रमुख कल्पना हरिजनले लुम्बिनी आउने पर्यटकलाई प्रदेशका अन्य गन्तव्यसम्म पुर्‍याउने प्रयास भइरहेको बताउँदै यसले बसाइँ अवधि लम्ब्याउन सहयोग पुग्ने बताइन्।

लुम्बिनी विकास कोष का वरिष्ठ सूचना अधिकृत तथा पर्यटनविद् डा. हरिध्वज राईले पर्यटकीय गन्तव्यको सौन्दर्यीकरण र ब्रान्डिङ आवश्यक रहेको बताए। पर्यटन व्यवसायी सागर अधिकारीले भैरहवा र बुटवलमा रात्रिकालीन बजार सञ्चालन गर्न सके पर्यटक कम्तीमा दुई रात बस्न सक्ने धारणा राखेका थिए।

पर्यटन डिभिजन कार्यालय कोहलपुरका प्रमुख मुक्तिप्रसाद पाण्डेले पर्यटन विकासका लागि सडक पूर्वाधार र होम स्टे प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्ने बताए। पत्रकार भरत के.सी. र सुदीप भण्डारी ले लुम्बिनीको बसाइँ अवधि वृद्धि, बुद्ध परिपथमा विद्युतीय बस सञ्चालन तथा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान आवश्यक रहेको धारणा राखेका थिए। कार्यक्रमको सहजीकरण पत्रकार प्रदीप आचार्यले गरेका थिए।

सम्मेलनअन्तर्गत दोस्रो दिन अन्य दुई सत्रमा पनि सञ्चार क्षेत्रका चुनौती, डिजिटल रूपान्तरण, प्रदेशस्तरीय सञ्चार नीतिलगायत विषयमा छलफल भएको आयोजकले जनाएको छ।

# पाठ्यक्रम र आन्तरिक मूल्याङ्कनसम्बन्धी अभिमुखीकरण

भैरहवा। निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) सिद्धार्थनगरले आफ्ना सदस्य विद्यालयका शिक्षकहरूका लागि 'पाठ्यक्रम तथा आन्तरिक एवं बाह्य मूल्याङ्कन' सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। पछिल्लो समय पाठ्यक्रम र मूल्याङ्कन प्रणालीमा आएको परिवर्तनलाई शिक्षकहरूसम्म पुर्‍याई विद्यार्थीको वास्तविक क्षमता मापनमा एकरूपता ल्याउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा प्रमुख प्रशिक्षकको रूपमा रहेका प्याब्सन सिद्धार्थनगरका अध्यक्ष उदयकुमार मल्लिकले शैक्षिक सत्र २०८० देखि लागू भएको नयाँ पाठ्यक्रम प्रारूप र कक्षा ४-८ को मूल्याङ्कन पद्धतिका बारेमा विस्तृत प्रशिक्षण दिएका हुन्। विद्यालयहरूले वर्षौंदेखि आन्तरिक मूल्याङ्कन गर्दै आएता पनि सरकार र पाठ्यक्रमले तोकेको मापदण्डअनुसार त्यो वास्तविक छ कि छैन भन्ने विषयमा जोड दिँदै उनले शिक्षकहरूमा मूल्याङ्कनका विधिको सही जानकारी भए मात्र विद्यार्थीहरू वास्तविक रूपमा लाभान्वित हुने र उनीहरूको मेहनतले न्याय पाउने बताए।

कार्यक्रमका अध्यक्ष एवं प्याब्सन सिद्धार्थनगरका उपाध्यक्ष राजेन्द्रप्रसाद घिमिरेले संस्था स्थापना कालदेखि नै विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रस्फुटन र शैक्षिक सुधारका लागि क्रियाशील रहेको बताए। उनले प्याब्सनले विद्यार्थीका लागि मात्र नभई शिक्षक, कर्मचारी, चालक र सह-चालकहरूका लागि पनि समय-समयमा सीपमूलक कार्यक्रमहरू गर्दै आएको स्मरण गराए। 'वर्तमान पाठ्यक्रमअनुसार ५० प्रतिशत बाह्य र ५० प्रतिशत आन्तरिक मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ,'



कार्यवाहक अध्यक्ष घिमिरेले भने- "यो प्रक्रियालाई प्रभावकारी बनाउन शिक्षकहरूको दक्षता वृद्धि गर्न यो कार्यक्रम कोसेढुङ्गा सावित हुनेछ।'

अभिमुखीकरणमा सिद्धार्थनगरका प्याब्सनमा आबद्ध २६ विद्यालयबाट दुई-दुई जना प्रतिनिधि शिक्षकहरूको सहभागिता रहेको थियो। सहभागी शिक्षकहरूले तालिममा सिकेको ५-६ घण्टाको सीप र प्रविधिलाई आफ्नो विद्यालयमा पुगेर अन्य सहकर्मीहरूलाई समेत सिकाउनुपर्ने जिम्मेवारी दिइएको छ। सानो समूहमा गरिने प्रशिक्षण बढी प्रभावकारी हुने विश्वासका साथ यो ढाँचा अपनाइएको आयोजकले जनाएका छन्। यस्तै, संस्थाका सहसचिव गोकुल पोखरेलले परिवर्तनशील समय र फेरिँदो पाठ्यक्रम अनुसार शिक्षकहरूले पनि आफूलाई परिमार्जन गर्दै लैजानुपर्नेमा जोड दिए।

कार्यक्रमका प्रमुख अतिथि एवं सिद्धार्थनगर नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख चेतनशील लम्सालले विद्यार्थीको मेहेनतलाई यथार्थ रूपमा अङ्कन गर्न यो अभिमुखीकरण अपरिहार्य रहेको बताए। उनले कक्षा १-३ मा शतप्रतिशत, कक्षा ४-८ मा ५० प्रतिशत र कक्षा ९-१२ मा २५ प्रतिशत आन्तरिक मूल्याङ्कनको व्यवस्था रहेता पनि कतिपय विद्यालयको ग्रेडसिटमा स्पष्टता नदेखिएको औंल्याए। 'मूल्याङ्कन प्रणाली थाहा भएपछि मात्र शिक्षण सिकाइ सहज हुन्छ,' लम्सालले भने- 'विद्यार्थीबाट कस्तो ज्ञान र सीपको अपेक्षा गरिएको छ भन्ने कुरा शिक्षकले पहिल्यै बुझ्नुपर्छ।' उनले सरकारले कक्षा ५ सम्म नै शतप्रतिशत आन्तरिक मूल्याङ्कन गर्ने तयारी गरिरहेको जानकारी दिँदै नयाँ मापदण्ड नआउँदासम्म मौजुदा अवस्थाकै बारेमा शिक्षकहरू अद्यावधिक हुनुपर्ने बताए।

नगरपालिकाले यसअघि सामुदायिक, संस्थागत र धार्मिक विद्यालयका प्रधानाध्यापकहरूलाई अभिमुखीकरण दिइसकेको सन्दर्भमा प्याब्सन सिद्धार्थनगरले शिक्षकहरूका लागि यो कार्यक्रम आयोजना गरेर नगरको शैक्षिक अभियानमा महत्त्वपूर्ण सहयोग पुर्‍याएको उनले जानकारी दिए।

होटल व्यवसायी महासंघः

# रूपन्देहीबाट पदाधिकारीसहित ६ जना निर्वाचित



बुटवल। होटल व्यवसायी महासंघ नेपालको पाँचौं राष्ट्रिय अधिवेशनबाट रूपन्देही जिल्लाले महासंघको केन्द्रीय संरचनामा उल्लेखनीय उपस्थिति जनाएको छ। अधिवेशनबाट रूपन्देहीका ६ जना व्यवसायी निर्वाचित हुँदै जिल्लाले महासंघमा उपाध्यक्ष, महासचिव, सचिवसहित तीन पदाधिकारी तथा तीन सदस्य पाउन सफल भएको हो।

निर्वाचित हुनेहरूमा उपाध्यक्ष पदमा मोदनाथ बेल्बासे, महासचिव पदमा राजेश महत्रो, सचिव पदमा लालबहादुर केसी तथा सदस्य पदमा शिवप्रसाद पोखेल, लेखनाथ भण्डारी र रामप्रसाद पोखेल रहेका छन्। रूपन्देहीबाट एकैपटक ६ जनाको सशक्त प्रतिनिधित्व हुनु जिल्लाको होटल तथा पर्यटन व्यवसायका लागि गौरवको विषय बनेको छ।

काठमाडौंको गौशालास्थित होटल बेस्ट वेस्टर्नमा सम्पन्न प्रमाणपत्र वितरण कार्यक्रममा नव निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई औपचारिक रूपमा प्रमाणपत्र हस्तान्तरण गरिएको थियो। २०८३ बैशाख २६ गते सम्पन्न उक्त कार्यक्रम महासंघका नव निर्वाचित अध्यक्ष टिआर भण्डारी (शंकर) को सभापतित्वमा सम्पन्न भएको थियो।

कार्यक्रमका प्रमुख अतिथिका रूपमा बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयका माननीय मन्त्री सुरेश श्रेष्ठ उपस्थित रहेका थिए। उनले नेपालको पर्यटन तथा होटल व्यवसायलाई सशक्त बनाउन निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै नव निर्वाचित टोलीलाई सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए।

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघका बस्तुगत उपाध्यक्ष नरेशलाल श्रेष्ठ तथा नेपाल पर्यटन बोर्डका कावा प्रमुख कार्यकारी अधिकृत हिक्मत सिंह ऐर विशिष्ट अतिथिका रूपमा कार्यक्रममा सहभागी थिए। कार्यक्रममा पर्यटन तथा आतिथ्य क्षेत्रसँग सम्बन्धित विभिन्न राष्ट्रिय संघसंस्थाका प्रतिनिधिहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रममा र्‍याफ्टिङ संघ, पर्वतारोहण संघ, भिटोफलगायत विभिन्न पर्यटनसम्बद्ध संस्थाका प्रतिनिधिहरू, महासंघका पूर्व अध्यक्षहरू, पूर्व सल्लाहकारहरू, प्रदेश तथा जिल्ला संघका प्रतिनिधिहरू र विभिन्न इकाइका व्यवसायीहरूको बाक्लो सहभागिता रहेको थियो। महासंघका वरिष्ठ उपाध्यक्ष सन्तोष उप्रेतीले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा सञ्चालन नव निर्वाचित महासचिव राजेश महोत्राले गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरूको बाहुलीबाट नव निर्वाचित कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो।

रूपन्देहीबाट निर्वाचित टोलीले होटल तथा पर्यटन व्यवसायको हकहित, व्यवसायीहरूको अधिकार संरक्षण, पर्यटन प्रवर्द्धन तथा व्यवसायिक एकताको क्षेत्रमा सक्रिय भूमिका खेल्ने विश्वास व्यवसायीहरूले व्यक्त गरेका छन्।

विशेषगरी पर्यटनको केन्द्रका रूपमा विकास हुँदै गएको रूपन्देही जिल्लाको प्रतिनिधित्व महासंघमा बलियो बनेसँगै व्यवसायीहरू उत्साहित देखिएका छन्।कार्यक्रमको समापनमा होटल व्यवसायी महासंघ नेपालले कार्यक्रमलाई सफल बनाउन सहयोग पुर्‍याउने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरू, संघसंस्था, सञ्चारकर्मी तथा सम्पूर्ण सहभागीहरूप्रति हार्दिक आभार व्यक्त गरेको थियो।


आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोनः- ०७१५४२५७१


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com